मिति: २०८०/१०/२१

समय दिनको ११:०० बजे

# कुमारी बैंक लिमिटेड

## संचालक निर्वाचन कार्यक्रमको सुचना

कुमारी बैंक लिमिटेडको मिति २०८०/१०/२८ गते तद् अनुसार सन् २०२४/०२/११मा सम्पन्न हुने २३औं वार्षिक साधारण सभाबाट संस्थापक समूहबाट ३ जना र सर्वसाधारण शेयरधनी समुहबाट ३ जना (कम्तीमा एक जना महिला सहित) गरि ६ जना संचालकहरूको निर्वाचन प्रयोजनका लागि बैंकको संचालक निर्वाचन कार्यविधि निर्देशिका, २०८० बमोजिम यो निर्वाचन कार्यक्रम सम्बन्धित सबैको जानकारीका लागि प्रकाशीत गरिएको छ ।

| क्र. स. | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | मतदाता नामावली प्रकाशन | २०८०।१०।२१ | १५:०० बजे | | बैंकको केन्द्रिय कार्यालय |
| २. | मतदाता नामावली उपर दावी विरोध | २०८०।१०।२२ | १०:०० बजे | १२:०० बजे | ऐ.ऐ |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | २०८०।१०।२२ | १३:०० बजे | | ऐ.ऐ |
| ४. | उम्मेदवारहरुको मनोनयन पत्र दर्ता गर्ने | २०८०।१०।२३ | ११:०० बजे | १३:०० बजे | ऐ.ऐ |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०८०।१०।२३ | १५:०० बजे | | ऐ.ऐ |
| ६. | उम्मेदवार उपर दावी विरोध | २०८०।१०।२३ | १५:०० बजे | १७:०० बजे | ऐ.ऐ |
| ७. | उम्मेदवारी उपर परेको दावी विरोधको निर्णय | २०८०।१०।२४ | १२:०० बजे | | ऐ.ऐ |

KUMARI BANK LTD. CORPORATE OFFICE

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | उम्मेदवारले नाम फिर्ता लिने | २०८०।१०।२४ | १२:०० बजे | १७:०० बजे | ऐ.ऐ |
| ९. | उम्मेदवारको अन्तिम नियमावली प्रकाशन गर्ने | २०८०।१०।२५ | ११:०० बजे | | ऐ.ऐ |
| १०. | मतदान | २०८०।१०।२८ | १३:०० बजे | १५:०० बजे | साधारण सभा स्थल आर्मी अफिसर्स क्लब |
| ११. | मतगणना | २०८०।१०।२८ | मतदान सकिए पछि | | ऐ.ऐ |
| १२. | निर्वाचन परिणामको घोषणा | २०८०।१०।२८ | मतगणना सकिए पछि | | ऐ.ऐ |

**द्रष्टव्य**

१. मिति २०८०/१०/२८ गते संचालन हुने वार्षिक साधारण सभाको लागि तय गरिएको एजेण्डामा छलफल सकिए पश्चात जुनसुकै समयमा मतदान शुरू भएपनि शुरू भएको समयबाट २ घण्टा मतदान गर्नका लागि समय दिइने छ ।

२. निर्वाचनमा प्रयोग गरिएका सबै मतपेटीकाहरू प्राप्त भएपछि मतगणना कार्य शुरू हुनेछ ।

३. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

४. सभामा भाग लिने र मतदान गर्ने एउटै व्यक्ति हुनेछ ।

५. संचालक पदमा उम्मेदवार हुन चाहने शेयर धनीहरूले निर्वाचन सम्बधि कार्यक्रममा तोकिएको ढाँचा बमोजिमको उम्मेदवारीको दरखास्तमा एकजना प्रस्तावक र एक जना समर्थक (सम्बन्धित शेयरधनी समुहको) सहित उम्मेदवारी दर्ता गर्नु पर्ने छ । आफ्नो उम्मेदवारी फिर्ता लिन सक्नेछ । तर संचालक समितिको अध्यक्षले अनुमति दिएमा सो समय पछि पनि उम्मेदवारले आफ्नो नाम उम्मेदवारी फिर्ता लिन सक्ने छ ।

६. मतदाता नामावली बैंकको शेयर रजिष्ट्रार कुमारी क्यापीटल लि. बाट विद्युतीय माध्यमबाट कम्पनी सचिवले प्राप्त गरि निर्वाचन अधिकृतलाई उपलब्ध गराए बमोजिम विद्युतिय माध्यमबाट प्रकाशीत गरिने छ ।

७. प्रोक्सी (प्रतिनिधी पत्र) बुझाउन ल्याउदा प्रोक्सी दिनेको नामथर, शेयरधनी नं./डिम्याट नम्बर र शेयर कित्ता संख्या समेत उल्लेख गरि पंजिका सहित बुझाउनु पर्नेछ ।

८. कुमारी क्यापीटल लि. बाट हस्ताक्षर सहि / छाप जाँच प्रमाणीकरण गरि दिएको सदर, प्रोक्सी (प्रतिनिधि पत्र) मात्र मतदानका लागि ग्राहय हुनेछ ।

९. संस्थापक समूह र सर्वसाधरण शेयरधनी समूहको अलग अलग निर्वाचन हुनेछ । सम्बन्धित शेयर धनीले आफ्नो समूहका शेयरधनीलाई मात्र प्रोक्सी (प्रतिनिधि पत्र) दिन र मतदान पर्न पाइनेछ ।

१०. मतदानका लागि प्रत्येक उम्मेदवारको नामको अलग अलग मतपेटीका हुनेछन् । मतदान गोप्य तरिकाले गर्ने व्यवस्था मिलाइने छ ।

११. महिला संचालक पदमा उम्मेद्वार बन्ने शेयर धनीको निर्वाचन बैंकको संचालक निर्वाचन कार्यविधी निर्देशिका २०८०को दफा ४१(२) (क) (ख) (ग) (घ) (ङ) बमोजिम हुनेछ ।

१२. उम्मेदवारको दरखास्त साथ पेश गर्नु पर्ने कागजात, योग्यता अयोग्यता र अन्य विषयका सम्बन्धमा बैंकको संचालक निर्वाचन कार्याविधि निर्देशिका २०८० र कम्पनी ऐन, बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन एवं नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन बमोजिम हुनेछ ।

१३. अन्य विषयमा निर्वाचन अधिकृतले समय समयमा जारी गर्ने सूचनाहरू अध्ययन गरि सोही बमोजिम गर्नु गराउनुहुन समेत सूचित गराइन्छ ।

अधिवक्ता लीलामणि पौडेल
निर्वाचन अधिकृत